# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## कृषि र पर्यटनमा बैंक लगानी केन्द्रीय बैंकको प्राथमिकतामाः डा. खतिवडा

(गभर्नर डा. युवराज खतिवडाद्वारा रत्ननगर उद्योग वाणिज्य संघको सोह्रौं साधारण सभा उद्घाटन)



गभर्नर डा. युवराज खतिवडाले फागुन ११ गते चितवनको रत्ननगरमा रत्ननगर उद्योग वाणिज्य संघको साह्रौ वार्षिक साधारण सभाको उद्घाटन गर्नुभयो । सो सभालाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडाले मुलुकको आर्थिक विकासको आधारको रुपमा सरकार र निजी क्षेत्रले पहिचान गरेका क्षेत्रहरुमध्ये कृषि र पर्यटन केन्द्रीय बैंकको समेत प्राथमिकतामा परेको धारणा राख्नुभयो । कृषिपछि पर्यटन नै बढी रोजगारी दिन सक्ने आर्थिक क्षेत्र भएकाले यसको विकास प्रमुख प्राथमिकता भएको उल्लेख गर्दै सौराहा समेत समेटिएको रत्ननगर क्षेत्रको भूमिका चितवन जिल्लाकै पर्यटनको विकासमा महत्वपूर्ण रहने उहाँको धारणा थियो । कृषिको आधुनिकीकरण र व्यवसायीकरण तथा पर्यटनको विकासका लागि बैकिङ क्षेत्रबाट जाने कर्जामा कमी नहोस् भन्ने अभिप्रायले तोकिएको उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको कुरा उहाँले उल्लेख गर्नुभयो । अहिले पर्यटनको विकास विश्वस्तरमा नै भइरहेको र भारत र चीनका पर्यटक नेपाल भित्र्याउने ठूलो सम्भावना रहेकाले व्यवसायीहरुलाई त्यसतर्फ जोड दिन आग्रह गर्नुभयो ।

स्थानीय उत्पादनलाई पर्यटन उद्योगसँग आबद्ध गर्ने, कृषि पर्यटनको विकास गर्ने, सहासिक तथा बन्यस्रोतमा आधारित पर्यटनको विकास गर्ने कार्य गर्नसके पृष्ठ सम्बन्धको सुदढीकरणका कारण पर्यटनको दिगो विकास हुने र सोको लाभ समेत व्यापक क्षेत्रमा वितरण भई सरोकारवालाहरुको जीवनस्तरमा सुधार आउने गभर्नर डा. खतिवडाको धारणा थियो ।

पूर्वाधारको विकास भए मात्र आर्थिक विकास हुने भएकाले विकासमा संलग्न अन्तर्राष्ट्रिय, सरकारी, गैर सरकारी संस्थाहरु सक्रिय हुनुपर्ने र श्रम प्रधान विकास रणनीतिले रोजगारी समेत सिर्जना गर्ने धारणा डा. खतिवडाले राख्नु भएको थियो । रत्ननगरलाई काठमाडौंसँग जोड्ने पर्यटन मार्ग निर्माण हुन सके यस क्षेत्रको आर्थिक सम्भाव्यताको दोहन भई आर्थिक विकास हुनसक्ने उहाँको कथन थियो । राज्य पुनः संरचनाको क्रममा स्थानीय निकाय निकायको जिम्मेवारी बढ्ने धारणा राख्दै बृहत सोचका आधारमा दीर्घकालीन विकास रणनीति तयार गर्न स्थानीय निकाय क्रियाशील हुन उहाँले सुझाव दिनु भयो । राज्य पुनः संरचनाको

पछिको अवस्थालाई अध्ययन गरी चितवनमा केन्द्रीय बैंकको उपस्थितिका बारेमा पुनर्विचार गरिने आश्वासन पनि उहाँले दिनुभयो ।

खुला र बहुलवादी राजनैतिक व्यवस्थामा आर्थिक नीतिहरु पनि खुला र उदार हुने विचार व्यक्त गर्दै डा. खतिवडाले खुला आर्थिक नीतिको अर्थ कानुनहीनता होइन, कानुनका आधारमा गरिने पारदर्शी आर्थिक कारोबारमा लक्षित हुनु हो भन्ने धारणा राख्नु भयो । कानुनको निर्माण र परिमार्जनको प्रक्रिया विकासशील समाजमा जारी रहने धारणा राख्दै कानुनको विचलन भने राज्यले नसहने विचार उहाँले व्यक्त गर्नुभयो । राज्यका आर्थिक नीति खुला र पारदर्शी भइरहेको अवस्थामा व्यवसायिक घरानाले आफ्ना कम्पनीलाई क्रमश: निजीबाट सार्वजनिक कम्पनीको ढाँचामा रुपान्तरित गरी आफूलाई पारदर्शी बनाउन उहाँले आग्रह गर्नुभयो । यसबाट कम्पनीको विश्वसनीयतामा वृद्धि हुने र ऋण लिन समेत सजिलो हुने उहाँको कथन थियो । आर्थिक विकासको बाहक निजी क्षेत्र नै भएको हुनाले अब निजी क्षेत्रले कानुनसम्मत र सामाजिक उत्तरदायित्वपूर्ण विकास रणनीति अवलम्बन गर्नु पर्ने धारणा राख्दै बालश्रम मुक्त व्यवसायको लागि रत्ननगर उद्योग वाणिज्य संघको प्रयासको उहाँले सराहना गर्नुभयो । उहाँले उद्योग वाणिज्य संघको साधारण सभाको सफलताको कामना समेत गर्नुभएको थियो ।

**२०७१ फागुन ११ गते सोमबार**

**गभर्नरको कार्यालय**